आज मिति २०७३ मंसिर ९ गते विहीबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

| | |
|---|---|
| कार्यकारी अधिकृत तथा नगरप्रमुख | श्री पशुपति खतिवडा |
| आमन्त्रित | |
| सामुदायिक अधिकृत | श्री अनन्त प्रकाश वस्ती |
| लेखा अधिकृत | श्री राजन कुमार भेटवाल |
| खाद्य विश्लेषक अधिकृत | श्री दिपेन्द्र कार्की |
| ईन्जीनियर | श्री कमल प्रसाद कोइराला |
| ईन्जीनियर | श्री इन्द्र बहादुर थापा |
| आ.ले.प. अधिकृत | श्री चक्रपाणी खनाल |
| नायब सुब्बा | श्री लक्ष्मी राई |
| सुपरभाईजर | श्री तिल बहादुर राजवंशी |

<u>निर्णय नं. १</u> संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.न.. २३३ मिति २०७३/०८/०६ को प्राप्त पत्रानुसार सम्बन्धीत निकायहरुसँग समन्वय कार्यान्बयन अघि बढाउने निर्णय गरियो ।

<u>निर्णय नं. २</u> मिति २०७३/०८/०६ को सर्वदलीय बैठक बाट समेत सिफारीश भै आएको जनसहभागीतामा आधारित सौर्य सडक बत्ती कार्यक्रम संचालन अर्न्तगत प्राप्त हुने अनुदान रकमबाट नगरपालिका र उपभोक्ताका समेत सहभगीता गराई निम्नानुसारका क्षेत्रहरुमा सौर्यबत्ती जडान गर्ने निर्णय गरियो ।

*निम्न*

१. प्यारीभिट्टा बसपार्क क्षेत्र २५ थान ।
२. धुलावारी खानेपानी उपभोक्ता समिति परिसर क्षेत्र १५ थान ।
३. ईटाभट्टा चौक २० थान ।
४. काँकरभिट्टा बजार क्षेत्र ७० थान ।
५. धुलावारी क्षेत्र ७० थान ।